# कतारमा काम परिवर्तन गर्ने प्रक्रिया के हो?

MINISTRY OF LABOUR

## कतार राज्यका सबै कामदारहरूले नो अब्जेक्सन प्रमाणपत्र (NOC) बिना रोजगारदाता परिवर्तन गर्न सक्छन्।

तलका कदमहरू 2004 को श्रम सम्बन्धि कानून संख्या 14 द्वारा समेटिएका निजी क्षेत्रका कामदारहरू, घरेलु कामदारहरू, कृषि र वस्तु चराउने कामदारहरू एवं माछा मार्नेहरूमा लागू हुन्छन्। रोजगारदाता परिवर्तन गर्न निम्न चरणहरू पालना गर्नुपर्छः

### 1 कामदारले काम परिवर्तन गर्न श्रम मन्त्रालय (MoL) को विद्युतीय प्रणाली मार्फत आवेदन पेश गर्नुपर्छः

- कामदारले "रोजगारदाता परिवर्तन गर्नुहोस्" फाराम प्रिन्ट गरेर भरे पछि हस्ताक्षर गर्नु पर्दछ। नयाँ रोजगारदाताले पनि फाराममा कम्पनीको आधिकारिक छाप लगाई हस्ताक्षर गर्न आवश्यक छ। यदि कामदारले निजी घरमा काम गर्नको लागि काम परिवर्तन गर्न खोजेको हो भने नयाँ रोजगारदाताको हस्ताक्षर पर्याप्त हुनेछ।
- कामदारले आफ्नो कतारी आईडी (QID) र मोबाइल फोन नम्बरसहित MoL को विद्युतीय प्रणाली मा लगइन गर्नुपर्छ र त्यसपछि हस्ताक्षर गरिएको फारामको प्रतिलिपि अपलोड गर्नुपर्छ। उक्त मोबाइल नम्बरलाई कामदारको QID मा लिङ्क गरिएको हुनुपर्छ।

### 2 आवेदन पेश गरेपछि एउटा EC (रोजगारदाता परिवर्तन) नम्बर स्क्रिनमा देखा पर्नेछ। यो नम्बरले आवेदन सफलतापूर्वक पेश भईसकेको छ भन्ने कुरा पुष्टि गर्दछ ।

- कामदारहरूले EC नम्बरको रेकर्ड राख्नु पर्छ।
- कुनै पनि समयमा, कामदारहरूले QID र EC नम्बर प्रयोग गरी मन्त्रालयको वेबसाइट मा लग इन गरेर आफ्नो आवेदनको स्थिति जाँच गर्न सक्छन्।
- कामदारहरूले अनुरोध स्वीकृत हुनु अघि कुनै पनि समयमा MoL को विद्युतीय प्रणाली मार्फत आफ्नो आवेदन रद्द गर्न सक्छन् ।
- कामदारहरूले आफ्नो नयाँ रोजगार सम्झौता प्रमाणीकरण नभएसम्म MoL लाई लिखित अनुरोध पेश गरेर स्वीकृति प्राप्त गरेपछि पनि आफ्नो आवेदन रद्द गर्न सक्छन्। उनीहरूले श्रम सम्बन्ध विभागका प्रमुखलाई अरबी भाषामा सम्बोधन गरेको हस्ताक्षर गरिएको पत्र बुझाउनुपर्छ। यस पत्रमा उनीहरूले आफ्नो आवेदन रद्द गर्न किन अनुरोध गरिरहनु भएको छ भन्ने संक्षिप्त व्याख्या सहित आवेदन पेश गर्दा उपलब्ध गराइएको EC नम्बर, आफ्नो QID र मोबाइल फोन नम्बरको प्रतिलिपि समावेश गर्नुपर्छ।

### 3 मन्त्रालयले काम परिवर्तनको आवेदन अस्वीकार गर्न सक्छ यदि, उदाहरणका लागि, कामदारले सही रूपमा फाराम पूरा भरेको छैन वा नयाँ रोजगारदातालाई नयाँ कामदार राख्नबाट रोकिएको छ भने ।

### 4 आवेदनको प्रक्रिया गरिसके पछि कामदारले मन्त्रालयबाट काम परिवर्तन र सूचना अवधि पुष्टि गर्ने SMS प्राप्त गर्नेछ।

यस बिन्दुमा दुबै वर्तमान र नयाँ रोजगारदाताहरूलाई सूचित गरिनेछ।

- यदि कामदारले हालको रोजगारदाताको लागि 2 वर्ष वा सोभन्दा कम समय काम गरेको छ भने सूचना अवधि 1 महिनाको हुनेछ।
- यदि कामदारले 2 वर्ष भन्दा बढी काम गरेको छ भने सूचना अवधि 2 महिनाको हुनेछ।
- तपाईंको सूचना अवधिको समाप्ति मन्त्रालयको SMS मा संकेत गरिएको हुनेछ।
- कामदार र हालको रोजगारदाताले सूचना अवधि घटाउन आपसी सहमति नगरेसम्म सूचना अवधिभर हालको रोजगारदातासँग काम जारी राख्नु पर्दछ।

### 5 सूचना अवधि पूरा भएपछि नयाँ रोजगारदाताले MoL को बहु-भाषीक रोजगार सम्झौताको लागि डिजिटल प्रमाणीकरण प्रणाली मार्फत रोजगार सम्झौता तयार गर्नेछन्।

यो कामदारको सूचना अवधि समाप्त भएको तीन महिना भित्र पूरा गर्न आवश्यक छ। सबै जानकारी भरेपछि नयाँ रोजगारदाताले कामदार र नयाँ रोजगारदाताले हस्ताक्षर गर्ने रोजगार सम्झौता प्रिन्ट गर्नेछन्। यदि कामदार सम्झौताको प्रावधानहरूमा सहमत भएमा उसले/उनले हस्ताक्षर गर्न सक्छन्।

- नयाँ रोजगारदाताले हस्ताक्षरित सम्झौता प्रमाणीकरणका लागि मन्त्रालयको वेबसाइटमा अपलोड गर्नेछन्।
- अन्तिम रूप दिएपछि नयाँ रोजगारदाताले कामदारलाई प्रमाणित रोजगार सम्झौताको प्रतिलिपि उपलब्ध गराउनुपर्छ।

### 6 रोजगार सम्झौता प्रमाणीकरण भएपछि नयाँ रोजगारदाताले कामदारको नयाँ QID को लागि आन्तरिक मामिला मन्त्रालयमा अनुरोध पेश गर्नुपर्छ।

### 7 कामदारले अब उसको/उनको नयाँ काम सुरु गर्न सक्छन्

कामदारले नयाँ रोजगारदाताबाट नयाँ QID (निःशुल्क) प्राप्त गर्नेछन्।

### पुनश्च

कामदार र रोजगारदाताहरू दुबैले रोजगार सम्झौताको प्रतिलिपि जहिले पनि MoL पोर्टल बाट डाउनलोड गर्न सक्छन्।

### उपयोगी लिङ्कहरू

काम परिवर्तन गर्न आफ्नो आवेदन पेश गर्नुहोस्

तपाईंको रोजगारदाता परिवर्तन आवेदनको स्थिति जाँच गर्नुहोस्

MoL मा श्रम सम्बन्धी उजुरी पेश गर्नुहोस्

### मैले थप जानकारी कहाँ पाउन सक्छु?

थप जानकारीको लागि कृपया श्रम मन्त्रालयको हटलाइन 40288101, इमेल info@mol.gov.qa, वेबसाइट www.mol.gov.qa मा सम्पर्क गर्नुहोस् वा हाम्रा कार्यालयहरूमा आउनुहोस्।